गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ६ पौष १३ गते, २०७९ साल, संख्या : १२

भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## “६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई” कार्यबिधि, २०७९

**प्रस्तावना-**

नेपालको भौगोलिक विकटता तथा कमजोर सामाजिक अवस्थाका विच विगत ३४ बर्षदेखि स्वास्थ्य स्वयंसेवकको रुपमा यस मुलुकमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले आफ्नो गाउँघर/टोलमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नुका साथै स्वास्थ्य शिक्षा तथा बिरामीलाइ उचित स्वास्थ्य संस्थामा प्रेषण गर्दै आएको विदितै छ।

महिला स्वास्थ्य स्वयंसेविकाहरुको दशकौंको योगदानको उच्च कदर गर्दै निजहरुलाइ प्रोत्साहन स्वरुप आर्थिक सहायता गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)झ प्रयोग गरी गढवा गाउँपालिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरणा रकम वितरणका लागी यो कार्यबिधी बनाइएको छ।

## परिच्छेद-१

१- **संक्षिप्त नाम र प्रारम्भ** : १. "६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई" कार्यबिधी, २०७९ रहेको छ।

२- यो कार्यबिधी गाउँ कार्यपालिकाबाट स्विकृत भएपछि लागु हुने छ।

**२- परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

ख) "उपध्याक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) "गाउँपालिका" भन्नाले गढवा गाउँपालिका सम्झनु पर्छ।

ङ) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले गढवा गाउँपालिकाका ८ वटै वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ।

च) "आमा समुह" भन्नाले प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाको कार्य क्षेत्रमा स्थायी बसोवास भएका विवाहित महिलाहरुको संगठित समुह भन्ने सम्झनु पर्छ।

छ) "अस्पताल" भन्नाले गढवा अस्पताल सम्झनु पर्छ।

ज) "स्वास्थ्य चौकी" भन्नाले गोबरडीहा स्वास्थ्य चौकी, गंगापरस्पुर स्वास्थ्य चौकी, गढवा स्वास्थ्य चौकी र कोइलाबास स्वास्थ्य चौकी भन्ने सम्झनु पर्छ।

झ) "आधारभुत स्वास्थ्य केन्द्र" भन्नाले गढवा गाउँपालिकाले वडाहरुमा संचालन गरेको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था भन्ने सम्झनु पर्छ।

ञ) "वडा कार्यालय" भन्नाले गढवा गाउँपालिकाका ८ वटै वडाका वडा कार्यालय सम्झनु पर्दछ।

## ४. यो सुविधा प्राप्त गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुले देहाय बमोजिम शर्तहरु पुरा गरेको हुनुपर्ने छ।

क) रितपूर्वक छनौट भइ कम्तीमा १० वर्ष सेवा गरेको हुनुपर्ने। यस प्रयोजनका लागी सम्बन्धित वडाको स्वास्थ्य संस्थाको सिफारिसमा सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको हुनुपर्ने।

ख) विदाइ हुने महिला स्वास्थ्य स्वयंसेविकाको उमेर अघिल्लो आ.वको असार मसान्त सम्म ६० वर्ष पुगेको हुनु पर्ने।

ग) महिला स्वास्थ्य स्वयंसेविकाले अघिल्लो आ.व. को असार मसान्त भित्र आफ्नो आमा समुहमा राजीनामा पेश गरी स्विकृत भएको हुनु पर्ने र चालु आ.व. मा समेत निवेदन पेश गर्दा राजिनामा स्वीकृत भईसक्नुपर्नेछ ।

घ) नेपाली नागरिक हुनु पर्ने।

## ५. यस कार्यक्रमको उद्देश्य

नेपालमा महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम २०४५ सालदेखि लागु भइ सबै सुगम देखि दुर्गम क्षेत्रका गाउँ टोल वस्तीहरुमा रहेका सबै नेपालीहरुका आँगनमै पुगी स्वास्थ्य शिक्षा दिने परिवार नियोजनका साधन वितरण गर्ने स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उचित संस्थामा प्रेषण गर्ने तथा स्वास्थ्य संग सम्वन्धित राष्ट्रिय अभियान प्रत्यक्ष संलग्न भइ निशुल्क स्वास्थ्य सेवा पश्चात बृद्ध उमेरमा खाली हात घर पठाउने विगतको व्यवस्थालाइ अन्त्य गरी केही नगद राशी उपलव्ध गराउँदा निजको भरण पोषणमा पनि केही सहयोग मिल्ने आत्मसम्मान हुने तथा नयाँ छनौट भइ काम गर्नेहरुका लागी पनि काम प्रति उत्प्रेरणा प्रदान गर्नु यस ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यविधिको उद्देश्य रहेको छ।

## परिच्छेद-२

### क) कार्यान्ययन कार्यबिधि

१. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम आर्थिक वर्ष २०७९/०८० देखि लागु हुनेछ।

२.६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम यस गढवा गाउँपालिकाको ८ वटै वडामा लागु हुनेछ।

३. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम अन्तर्गतको सेवा प्राप्त गर्न महिला स्वास्थ्य स्वयंसेविकाले यस कार्यबिधीमा उल्लेखित कागजातहरु पेश गरेमा महिला स्वास्थ्य स्वयंसेविकालाइ एक पटकका लागी मात्र जनही रु. १,००,०००। एक लाख रुपैया मात्र नगद रकम उपलब्ध गराइने छ।

४. यो कार्यक्रम हरेक आर्थिक वर्षको असार मसान्त सम्म ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ प्रदान गर्दै लगिने छ।

४. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम अन्तर्गत सुविधा लिएको रकमबाट १.५ एक दशमलव पाँच प्रतिशत करकट्टी गरी भुक्तानी दिइने छ।

ख) यो कार्यविधी आवश्यकतानुसार यस गाउँपालिकाको कार्यापालिकाद्वारा परिमार्जन वा संसोधन गर्न सक्ने छ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत